# राष्ट्रिय विपद् बुलेटिन

मासिक

अंकः १६ । २०८० भाद्र । नेपाल संवत् ११४३ ञँलाथ्व । August 2023 । Website: www.bipad.gov.np/np/

## पानीमा डुबेर हुने घटना रोकथाम गर्न जनचेतनामा जोड

पानीमा डुबेर हुने मृत्युलगायतका घटना रोकथामका लागि स्थानीय तह स्तरदेखि नै जनचेतनामा जोड दिनुपर्नेमा अधिकारीहरु एवं विज्ञहरुले जोड दिनुभएको छ ।

पानीमा डुब्नबाट रोकथामका लागि विश्व दिवस (World Drowning Prevention Day) को सन्दर्भमा डुबी हुने मृत्युको अवस्था एवं प्रभावकारी रोकथामका उपायहरुबारे छलफल गर्न साउन ९ गते आयोजित विपद् संवाद कार्यक्रममा उहाँहरुले यस्तो धारणा राख्नुभएको हो ।

नेपाल प्रहरीका वरिष्ठ उपरीक्षक डम्बर बहादुर विकले स्थानीय तहहरुले बजेटको सानो हिस्सा भए पनि छुट्याएर जनचेतनाको कार्यक्रमहरु गर्दा पानीमा डुबेर हुने मृत्युलगायतका घटनाहरु न्यूनीकरण गर्न मद्दत मिल्ने धारणा राख्नुभयो ।

विश्व स्वास्थ्य संगठनको नेपाल कार्यालयका डा. केदार मरहट्टाले लुप्त तर धेरै नै मानवीय क्षति गर्ने समस्या भएकोले प्रभावकारी जनचेतना हुन सक्दा बालबालिकाको डुबेर हुने मृत्युलाई ८० प्रतिशतसम्म रोक्न सकिने बताउनुभयो ।

सशस्त्र प्रहरी बल, नेपालका प्रहरी नायव उपरीक्षक पुरुषोतम भण्डारीले सडक दुर्घटना बढेर नदीमा खस्ने र डुबेर मृत्यु हुने घटना पनि बढेको तथ्यांक राख्दै हाल देशका आठ स्थानमा उपकरणसहित गोताखोर जनशक्ति राखिएको जानकारी पनि दिनुभयो ।
युनिसेफका आपतकालीन विज्ञ सुनिता कायस्थले पानीबाट सुरक्षित हुने आधारभूत जानकारी हुँदा पनि बालबालिकालाई सुरक्षित राख्न सकिने बताउनुभयो ।



नेपाल रेडक्रस सोसाइटीको जनशक्ति विकास विभागका प्रमुख कृष्ण घिमिरेले पानीमा डुबेका व्यक्तिलाई जोगाउन प्राथमिक उपचार सम्बन्धी ज्ञान महत्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

नेपाल पौडी संघका सचिव एवं राष्ट्रिय पौडी प्रशिक्षक इश्वर कार्कीले पौडी खेल्ने सीप हासिल गर्दा पानीमा परिहाले पनि उत्रन सकिने धारणा राख्दै पौडिन सक्ने सीपको महत्वबारे संचारमाध्यमले पनि प्रचार प्रसार गर्न मद्दत गर्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिव रुद्र सिंह तामाङले पानीमा डुबेर हुने मृत्युलगायतका घटना रोकथामका लागि सचेतना बृद्धिमा प्राधिकरणले काम गर्ने बताउनुभयो ।

नेपाल प्रहरीका अनुसार नेपालमा वार्षिक औषतमा ३९६ जना व्यक्तिको पानीमा डुबेर ज्यान जाने गरेको छ । ५३.७ प्रतिशत २५ वर्ष मुनिको समुहमा हुने गरेको छ । अधिकांश घटना पौडी खेल्ने क्रममा, नुहाउने क्रममा, खोला/नदी तर्ने क्रममा एवं आत्महत्याका कारण हुने गरेको छ ।

यसमा महिलाभन्दा तीन गुणा बढी पुरुषहरु जोखिममा रहेको तथ्याङ्कले देखाउछ । यीमध्ये २५ वर्षभन्दा मुनिका धेरै छन् । बालबालिका पनि यसको जोखिममा छन् । पानीमा बढी पहुँच भएका व्यक्तिहरू धेरैजसो डुब्ने जोखिममा हुन्छन् ।

डुवेर हुने मृत्यु विश्वव्यापी रुपमा अनपेक्षित मृत्युको तेस्रो मुख्य कारणको रुपमा रहेको छ र यसले चोटबाट हुने मृत्युको ७% हिस्सा ओगटेको छ |

नेपालमा असारदेखि असोज महिनामा पानीमा डुबेर वा पानीजन्य विपद्का कारण धेरैको ज्यान जाने गरेको छ । ■

## पूर्वसूचना प्रणालीको अवधारणापत्रमाथि छलफल

राष्ट्रिय बहुप्रकोपीय पूर्वसूचना प्रणालीको अवधारणापत्र र कार्ययोजना तयार गर्न गठित कार्यदलको बैठक साउन १७ गते बसेको छ । त्यसक्रममा कार्यदलले तयार गरेको 'राष्ट्रिय बहुप्रकोपीय पूर्वसूचना प्रणालीको स्थापना सम्बन्धी अवधारणा-पत्र र कार्ययोजना' को प्रारम्भिक मस्यौदामाथि विभिन्न सरकारी निकायहरु एवं राष्ट्रसंघीय लगायतका निकायहरुका प्रतिनिधिहरुको सुझाव लिइएको छ ।

बैठकमा नेपालस्थित संयुक्त राष्ट्रसंघीय कार्यालयका मानवीय समन्वय अधिकृत प्रेम अवस्थीले सबैका लागि पूर्वसूचना पहल (Early Warning for All Initiative) को संरचना र उद्देश्यहरु जानकारी गराउनु भएको थियो । राष्ट्रसंघले यो पहल कार्यान्वयन गर्ने पहिलो



चरणमा ३० वटा देशहरु छनौट गरेको छ जसमा एसिया प्रशान्त क्षेत्रका नेपालसहित १० देश छन् ।

राष्ट्रसंघले पृथ्वीमा बस्ने हरेक व्यक्तिले कुनै पनि मौसमी प्रकोपअघि पूर्व सूचना पाउन् भन्ने उद्देश्यले यस्तो पहल थालेको हो । सन् २०२७ को अन्त्यसम्म यो लक्ष्य पूरा गर्ने लक्ष्य लिइएको छ ।

कार्यदलले विभिन्न प्रकोपहरुको पूर्वसूचना प्रणालीहरुको विद्यमान अवस्थाबारे 'विपद् संवाद' समेत गरी सरोकारवाला निकाय तथा विज्ञहरुबाट निरन्तर सुझावहरु लिंदै आएको छ । ■

## प्राधिकरण र प्रहरीको विपद् कार्यालयका अधिकारीहरुबीच अन्तरक्रिया




प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेल, सहसचिवद्वय रुद्रसिंह तामाङ र रामेश्वर मरहट्टा, गृह मन्त्रालय विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख सहसचिव माहादेव पन्थले साउन २१ काठमाडौं समाखुशीस्थित नेपाल प्रहरीको विपद् व्यवस्थापन कार्यालय पुगी उक्त कार्यालयको जनशक्ति एवं खोज तथा उद्धार सामग्रीहरुको विद्यमान अवस्था, कार्यालयले गरिरहेका कार्यहरु एवं सफल अभ्यासहरुबारे छलफल गर्नुभयो ।

उक्त अवसरमा नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक मीरा चौधरी, प्रहरी नायव महानिरीक्षक विकास राज खनाल एवं पूर्व अतिरिक्त महानिरीक्षक ठूले राईको पनि उपस्थिति थियो ।

छलफलका क्रममा विपद् व्यवस्थापन कार्यालय प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक डम्बर बहादुर वि.क.ले विपद् उद्धार क्षेत्रको जनशक्ति, सामग्रीहरु, आधारभूत तालिमको संरचना लगायतका विषयवस्तु समेटिएको प्रस्तुतीकरण दिनुभएको थियो । ■

## प्राधिकरण र राष्ट्रपतिज्यूका सल्लाहकारहरुबीच छलफल



सम्माननीय राष्ट्रपतिज्यूको विज्ञ सल्लाहकारहरूसँग विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका विविध विषयवस्तुहरुबारे राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण एवं गृह मन्त्रालयका अधिकारीहरुको छलफल भएको छ ।

सम्माननीय राष्ट्रपतिज्यूका राजनैतिक विज्ञ सुनिल बहादुर थापा, कानून विज्ञ बाबुराम कुवँर, अर्थ विज्ञ डा. चिरन्जीवी नेपाल, अन्तर्राष्ट्रिय सम्बन्ध विज्ञ डा. सुरेशचन्द्र चालिसे, राष्ट्रपतिको प्रेस सल्लाहकारमा किरण पोखरेल, राष्ट्रपति कार्यालयका सचिव डिल्ली राम शर्मासँग प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेल, प्राधिकरणका सहसचिवद्वय रुद्रसिंह तामाङ र रामेश्वर मरहट्टा, गृह मन्त्रालय विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख सहसचिव माहादेव पन्थ लगायतका अधिकारीले साउन २१ मा छलफल गर्नुभएको हो ।

छलफलका क्रममा जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्राधिकरणले गरिरहेका कार्यहरु, पूर्वतयारी तथा प्रतिकार्यका लागि भएका प्रयास, विद्यमान कानुनी एवं संस्थागत व्यवस्था, विपद् व्यवस्थापन कोष, बहुप्रकोपीय पूर्वसूचना प्रणाली स्थापनाका पहल, चुनौतीहरु एवं आगामी बाटोहरुबारे प्राधिकरणका तर्फबाट प्रस्तुतीकरण गरिएको थियो ।

त्यसक्रममा सम्माननीय राष्ट्रपतिज्यूका विज्ञहरुले विगतका जिम्मेवारीका क्रममा यस क्षेत्रमा प्राप्त अनुभवहरु राख्दै प्रभावकारी विपद् व्यवस्थापनका लागि सुझावहरु दिनुभएको थियो ।

छलफलमा सम्माननीय राष्ट्रपतिज्यूका निजी तथा स्वकीय सचिवालयका अधिकारीहरुको पनि उपस्थिति थियो । ■

## जलन प्रकोपबारे जानकारी



नेपालमा जलन प्रकोपको अवस्था र जलनका घटनाहरुको न्यूनीकरणका उपायहरुबारे साउन २ गते कीर्तिपुर अस्पतालका प्रा.डा. शंकर मान राई, सह प्रा.डा. किरण नकर्मी र उक्त अस्पतालका प्रमुख संयोजक हेमन्तध्वज जोशी सहितको टोलीद्वारा प्राधिकरणका पदाधिकारी एवं कर्मचारीहरुका लागि अभिमुखीकरण गर्नुभएको छ ।

उक्त अवसरमा कीर्तिपुर अस्पतालका डाक्टरहरुले नेपालमा जलनको अवस्था, प्राथमिक उपचार गर्ने तरिका, छाला बैंक आदिबारे जानकारी गराइएको थियो । ■

## प्राधिकरणमा इजराइली अधिकारी



इजरायलको विदेश मन्त्रालयका क्षेत्रीय प्रमुख प्रशासन अधिकृत रेइचल सानी र नेपालका लागि इजरायली राजदूतावासका डेपुटी चिफ अफ मिसन डाना फिसरले प्राधिकरण आएर छलफल गर्नुभएको छ ।

साउन ३ गते प्राधिकरण आउनु भएका उहाँहरुले कार्यकारी प्रमुख अनिल पोखरेल र अन्य अधिकारीहरूसँग नेपालमा विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापनमा प्राधिकरणले गरिरहेका कार्यहरुबारे जानकारी लिनुका साथै इजरायलले गर्न सक्ने सहायताका क्षेत्रहरुबारे छलफल गर्नुभयो । ■

***विपद् जोखिमबाट बच्ने उपायहरु समेटिएका श्रव्य दृश्य सामग्रीहरुका लागि प्राधिकरणको युट्युब च्यानल***

***https://www.youtube.com/c/NDRRMA***

# विपद्को तथ्य तथ्यांक

## २०८०-०१-०१ देखि २०८०-०४-३२ सम्म

| घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार | पशु चौपाया क्षति | घर क्षति: पूर्ण | घर क्षति: आंशिक |
|---|---|---|---|---|---|---|---|
| २५१७ | १५१ | २९ | ४९८ | ८२४८ | १४६५ | ७१२ | ८९० |

**अनुमानित क्षति (रु.)**
**१,१८,२१,७९,०४७**

## २०८० साउनको संक्षिप्त विवरण

*२०८०-०४-०१ देखि २०८०-०४-३२ सम्म*

| घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार | पशु चौपाया क्षति | घर क्षति: पूर्ण | घर क्षति: आंशिक |
|---|---|---|---|---|---|---|---|
| ४७१ | ३९ | ३ | ८७ | ३९५१ | २३५ | १४१ | ५८२ |

**अनुमानित क्षति (रु.)**
**३६,२७,६६,६८७**

## २०८० साउनमा घटना अनुसारको क्षतिको विवरण

*२०८०-०२-०१ देखि २०८०-०२-३२ सम्म*

**आगलागी**
घटना संख्या: १६६
मृत्यु: २
बेपत्ता: ०
घाइते: १५

**जनावर आक्रमण**
घटना संख्या: ३५
मृत्यु: ३
बेपत्ता: ०
घाइते: १८

**चट्याङ**
घटना संख्या: १५
मृत्यु: ४
बेपत्ता: ०
घाइते: ९

**पहिरो**
घटना संख्या: १४२
मृत्यु: १९
बेपत्ता: ३
घाइते: २७

**हावा-हुरी**
घटना संख्या: १
मृत्यु: ०
बेपत्ता: ०
घाइते: १

**जङ्गल आगलागी**
घटना संख्या: २९
मृत्यु: ०
बेपत्ता: ०
घाइते: ०

**बाढी**
घटना संख्या: ३६
मृत्यु: ४
बेपत्ता: ०
घाइते: २

**लेक लाग्नु**
घटना संख्या: ४
मृत्यु: १
बेपत्ता: ०
घाइते: ३

**भारी वर्षा**
घटना संख्या: ४९
मृत्यु: ०
बेपत्ता: ०
घाइते: ५

**सर्पदंश**
घटना संख्या: ११
मृत्यु: ६
बेपत्ता: ०
घाइते: ६

**अन्य**
घटना संख्या: २
मृत्यु: ०
बेपत्ता: ०
घाइते: १

*स्रोत: http://www.bipadportal.gov.np/*

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

तथ्याङ्क मितिः २०७७-०२-३१ देखि २०८०-०४-३२

## मनसुन तथा आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना विवरण

### विपद् घटना तथा क्षति विवरण

| प्रदेश | विपद् घटना संख्या | | | | क्षति विवरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आगलागी | बाढी | पहिरो | भारी वर्षा | मृत्यु | घाइते | बेपत्ता | क्षतिग्रस्त निजी आवास | अनुमानित क्षति (ने.रु.) |
| कोशी | २५१२ | १३० | २८४ | १२० | १५९ | २७२ | ४२ | २३३० | २८३८२०२६२५ |
| मधेश | २२८२ | २२ | १ | २२१ | ७६ | ४२४ | १ | १७३६ | १३३३०४०९४० |
| बागमती | १२२३ | ७० | २७६ | ८४ | २०६ | ३६२ | ७२ | १२९० | १९००९९७०५२ |
| गण्डकी | ५९२ | ६८ | ३५० | ११५ | २११ | २६२ | २९ | ८७६ | ६१११३०४४०० |
| लुम्बिनी | १४३४ | ५८ | २७९ | २५० | १६२ | २४३ | ८ | १२२२ | ८७७८६००३८ |
| कर्णाली | २८१ | २७ | १८१ | ७५ | १५० | १८४ | ३३ | १९७७ | १७२६८८१५० |
| सुदुरपश्चिम | ७१३ | ६२ | २०९ | ११८ | १४४ | १८४ | ४४ | १४०७ | ४०१८२५४८५ |
| **जम्मा** | **९०३७** | **४३७** | **१५८०** | **९८३** | **११०८** | **१९३१** | **२२९** | **१०८३८** | **८१३५९२६७९०** |

### निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना सर्वेक्षण विवरण

**१७४११** कुल सर्वेक्षण गरिएको घरधुरी


**६६४१** कुल सम्झौता सम्पन्न गरिएको घरधुरी

**२४८९** प्रथम किस्ता प्राप्त घरधुरी संख्या


**२११** दोस्रो किस्ता प्राप्त घरधुरी संख्या

**१२१** तेस्रो किस्ता प्राप्त घरधुरी संख्या


#### कुल सम्झौता सम्पन्न घरधुरी मध्ये किस्ता रकम प्राप्त घरधुरी संख्या





#### कुल सर्वेक्षण मध्ये स्थानीय तह र जिल्लाबाट स्वीकृत घरधुरी (%)




#### कुल सर्वेक्षण मध्ये पुनर्निर्माण, पुनर्स्थापना र प्रवलीकरण संख्या




#### पुनर्निर्माण तथा पुनर्स्थापना निरीक्षण संख्या




प्राविधिक सहायताः राष्ट्रिय आवास तथा बस्ती उत्थानशील समन्वय मञ्च

# विपद्‌बाट आयोजना जोगाउनै मुस्किल

- प्रगति ढकाल

मनसुन सुरु भएको साता दिन नपुग्दै जलविद्युत आयोजनाहरुमा झन्डै ८ अर्ब रुपैयाँको क्षति पुगेको छ । पूर्वी नेपालमा आएको बाढीका कारण कुल ४६३ मेगावाटका ३० वटा आयोजनामा यो परिमाणको क्षति भएको प्रवद्र्धक कम्पनीहरुले बताएका छन् ।

यही असार १ र २ गते ताप्लेजुङ, पाँचथर, संखुवासभा र भोजपुर जिल्लामा आएको बाढीले जलविद्युत आयोजनाहरुमा क्षति पुर्याएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले जनाएको छ । बाढीका कारण १३२ मेगावाट विदुत उत्पादन गरिरहेका १२ वटा आयोजनामा करिब ६ अर्ब रुपैयाँबराबरको क्षति भएको छ । विदुत उत्पादन गरिरहेको सबैभन्दा ठूलो आयोजना २५ मेगावाटको काबेली बी–१ मा मात्रै ५० करोडबराबरको क्षति भएको छ । उत्पादनको चरणमा रहेका आयोजनामध्ये सबैभन्दा धेरै क्षति २२.१ मेगावाट क्षमताको तल्लो हेवा खोलामा १ अर्ब रुपैयाँको क्षति भएको आयोजनाका अध्यक्ष सीताराम तिमल्सिनाले जानकारी दिए ।

भौतिक हिसाबले सबैभन्दा धेरै ४.७ मेगावाटको अपर पिलुवा–२ जलविद्युत आयोजनामा ९० करोडको क्षति भएको मेन्छियाम हाइड्रोपावारका अध्यक्ष एवं संखुवासभाबाट प्रतिनिधिसभा सदस्य दीपक खड्काले बताए । उनका अनुसार यो आयोजनाको हेडवक्र्स, पाइप अलाइनमेन्ट, पावर हाउसलगायतका भौतिक संरचनामा पूर्ण रुपमा क्षति भएको छ । आयोजना पुनर्निर्माणका लागि दुई वर्षभन्दा बढी लाग्ने देखिएको छ ।

त्यस्तै, १४.९ मेगावाट क्षमताको हेवा खोला ए जलविद्युत आयोजनामा ९५ करोड रुपैयाँको क्षति भएको आयोजनाका प्रवर्द्धक पुष्पज्योति ढुंगानाले जानकारी दिए । निर्माणाधिन ३२७ मेगावाटका १७ आयोजनामा साढे २ अर्बभन्दा बढीको क्षति भएको छ । बाढीका कारण पूर्वी नेपालका ४ जिल्लामा निर्माणाधिन १७ जलविद्युत आयोजनामा साढे २ अर्ब रुपैयाँभन्दा बढीको क्षति भएको हो ।

निर्माणाधिन आयोजनामध्ये सबैभन्दा धेरै क्षति सुपर हेवा खोला जलविद्युत आयोजनामा ८० करोड रुपैयाँबराबरको भएको छ । यो आयोजना निर्माणमा खटिएका १८ जना मजदुरलाई बाढीले बगाएर बेपत्ता बनाएको थियो । तीमध्ये अहिलेसम्म ४ जनाको मात्र शव भेटिएको छ । ९० प्रतिशत निर्माण पूरा भइसकेको आयोजनामा बाढीले क्षति पुर्याउँदा पुनर्निर्माणमा डेढदेखि दुई वर्षसम्म थप समय लाग्ने आयोजनाका अध्यक्ष हर्कबहादुर तामाङले बताए ।

त्यस्तै, ९७.५ मेगावाटको इसुवाखोला जलविद्युत आयोजनामा ५० करोड रुपैयाँको क्षति भएको आयोजनाका अध्यक्ष वीरेन्द्रबहादुर न्यौपानेले जानकारी दिए । ९.७ मेगावाटको इंग्वा खोलामा पनि ५० करोडको क्षति भएको आयोजनाका प्रवर्द्धक सतिष न्यौपानेले जानकारी दिए ।



बाढी प्रभावित आयोजनाका बारेमा इप्पानले प्रधानमन्त्री, अर्थमन्त्री, ऊर्जामन्त्री, राष्ट्र बैंकका गभर्नर र बीमा प्राधिकरणका अध्यक्षलाई एकै ठाउँमा राखेर जानकारी दिने तयारी गरेको छ । इप्पान अध्यक्ष गणेश कार्कीले शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाललाई पत्र लेख्दै सम्बद्ध सबै मन्त्रालयका मन्त्री र कार्यकारी प्रमुखलाई एक ठाउँमा राखेर प्रभावित आयोजनाका बारेमा प्रस्तुतीकरणको लागि समय माग गरेका छन् ।

जलविद्युत आयोजनामात्रै होइन, अन्य विकासका आयोजनामा पनि क्षति पुगेको छ । बाढीले भोजपुरस्थित सभाखोला लोहाकोट बिजुवापानी सामुदायिक लिफ्ट खानेपानी आयोजना बगाउँदा तीन करोडको क्षति भएको छ । खोलाभन्दा करिब सय मिटर टाढा रहेको आयोजनास्थलमा बाढी पसेर सम्फवेल, पानी तान्ने मोटर पम्प, ट्रान्सफर्मर, तीनवटा कन्ट्रोल प्यालन, स्टेबलाइजर, चेन पुल्ली, पाले घरलगायतमा क्षति पुर्‍याएको छ ।

यसैगरी संखुवासभाको चैनपुर नगरपालिका–११ मा आएको बाढीका कारण सवाखोला लोहाकोट बिजुवापानी सामुदायिक लिफ्ट आयोजनामा क्षति पुगेको छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयअन्तर्गत करिब ११ करोडमा निर्माण भइरहेको आयोजनामा बाढीले क्षति पुगेको हो ।



राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले मनसुनजन्य विपत्तिका कारण जलविद्युत आयोजना, खानेपानी आयोजना, सडक, पुल तथा सार्वजनिक भवनहरुमा अर्बौंको क्षति पुगेको बताए । "जलविद्युत आयोजना र केही खानेपानी आयोजनाको मात्रै प्रारम्भिक अनुमानित क्षति आएको हो । अन्य विकासका पूर्वाधारहरुमा पनि क्षति पुग्दा राज्यले अर्बौं रुपैयाँ गुमाएको छ," उनले भने, "जोखिमलाई ख्याल गरी बनाइएका संरचनाहरुमा समेत ठूलो क्षति पुगेको छ । जोखिममैत्री आयोजना निर्माणमा ख्याल गरियोस् ।" ■

*(कारोबार दैनिकबाट)*

**"म आगो हुँ । मानिसलाई म नभई हुँदैन । पकाउन र उज्यालोका लागि मेरो आवश्यकता पर्दछ । होसियारीपूर्वक चलाउनु भयो भने म तपाईंको राम्रो साथी हुँ । लापर्वाही गर्नुभयो भने मेरै कारण घर–गोठ, टोल र बस्ती खरानी हुनसक्छ । त्यसैले मलाई प्रयोग गर्दा होसियारी अपनाउनुहोस् है ।"**



## रणनीतिक कार्ययोजनाको मस्यौदामाथि छलफल

प्राधिकरणका अधिकारीहरुले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजनाको मस्यौदामाथि सरोकारवालाहरुको सुझाव तथा टिप्पणीहरु लिनुभएको छ ।

साउन २९ गते भएको छलफलमा गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, समाज कल्याण परिषद्, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, विश्व बैंक, युनिसेफ, यूएनएफपिए, केयर नेपाल, महिला मानव अधिकार लगायतका विज्ञ प्रतिनिधिहरूको उपस्थिति थियो । उक्त अवसरमा सहभागीहरुले आ-आफ्नो संस्थाका तर्फबाट कार्ययोजनाको मस्यौदामाथि राय सुझाव दिनुभएको थियो । ■



## आपतकालीन सम्पर्क नम्बरहरु

| क्रं. सं. | प्रदेश | जिल्ला | प्रमुख जिल्ला अधिकारी | नेपाल प्रहरी | सशस्त्र प्रहरी बल |
|---|---|---|---|---|---|
| १ | प्रदेश नं. १ | भोजपुर | ९८५२०१७७७७ | ९८५२०-१५५५५ | ९८५१२७२२४५ |
| २ | प्रदेश नं. १ | धनकुटा | ९८५२०३७७७७ | ०२६-५२०१५५ | ९८५१२७२२४६ |
| ३ | प्रदेश नं. १ | इलाम | ९८५२६०७७७७ | ०२७-५२००२४ | ९८५१२७२२४२ |
| ४ | प्रदेश नं. १ | झापा | ९८५२६१७७७७ | ०२३-४५५०८५ | ९८५१२७२१२५ |
| ५ | प्रदेश नं. १ | खोटाङ | ९८५२८०७७७७ | ०३६-४२०१२१ | ९८५१२७२२४७ |
| ६ | प्रदेश नं. १ | मोरङ | ९८५२०५७७७७ | ०२१-५२५३०१ | ९८५१२७२१३६ |
| ७ | प्रदेश नं. १ | ओखलढुंगा | ९८५२८७७७७७ | ०३७-५२०१७५ | ०३७-५२०६४२ |
| ८ | प्रदेश नं. १ | पांचथर | ९८५२६२७७७७ | ०२४-५२०१९९ | ९८५१२७२२४० |
| ९ | प्रदेश नं. १ | संखुवासभा | ९८५२०७७७७७ | ०२९-५६०१९९ | ९८५१२७२२५४ |
| १० | प्रदेश नं. १ | सोलुखुम्बू | ९८५२८२७७७७ | ०३८-५२०२५० | ९८५१२७२०३९ |
| ११ | प्रदेश नं. १ | सुनसरी | ९८५२०८७७७७ | ०२५-५६०७२८ | ९८५२०६३२०१ |
| १२ | प्रदेश नं. १ | ताप्लेजुंग | ९८५२६३७७७७ | ०२४-४६०१९९ | ९८५१२७२२४१ |
| १३ | प्रदेश नं. १ | तेह्रथुम | ९८५२०९७७७७ | ०२६-४२०१२९ | ९८५१२७२२६२ |
| १४ | प्रदेश नं. १ | उदयपुर | ९८५२८१७७७७ | ०३५-४२०२१५ | ९८५१२७२२७२ |
| १५ | मधेश | पर्सा | ९८५५०७७७७७ | ०५१-५२२२५१ | ९८५१२७२१३२ |
| १६ | मधेश | बारा | ९८५५००७७७७ | ०५३-५५०३९९ | ९८५१२७२१५१ |
| १७ | मधेश | रौतहट | ९८५५०३७७७७ | ०५५-५२०१७७ | ९८५१२७२१३० |
| १८ | मधेश | सर्लाही | ९८५४०७७७७७ | ०४६-५२०८६६ | ९८५१२७२१२९ |
| १९ | मधेश | धनुषा | ९८५४००७७७७ | ०४१-५२६०९९ | ९८५१२७२१२७ |
| २० | मधेश | सिराहा | ९८५२८३७७७७ | ०३३-५२०००५ | ९८५१२७२१२६ |
| २१ | मधेश | महोत्तरी | ९८५४०२७७७७ | ०४४-५२०००९ | ९८५१२७२१२८ |
| २२ | मधेश | सप्तरी | ९८५२८५७७७७ | ०३१-५२१६१३ | ९८५१२७२१४३ |
| २३ | बागमती | सिन्धुली | ९८५४०६७७७७ | ०४७-५२०५५५ | ९८५१२७२६०२ |
| २४ | बागमती | रामेछाप | ९८५४०५७७७७ | ०४८-५४००९९ | ९८५१२७२५५६ |
| २५ | बागमती | दोलखा | ९८५४०१७७७७ | ०४९-४२१३३३ | ९८५१२७२५३७ |
| २६ | बागमती | भक्तपुर | ९८५१२१७७७७ | ०१- ६६१४८२१ | ९८५१२७२०६७ |
| २७ | बागमती | धादिङ | ९८५१२४७७७७ | ०१०-५२०२७९ | ९८५१२७२४९१ |
| २८ | बागमती | काठमाडौँ | ९८५१२०७७७७ | ०१-४२६१८४३ | ९८५१२७२०६८ |
| २९ | बागमती | काभ्रेपलान्चोक | ९८५१२३७७७७ | ०११-४९०२३० | ९८५१२७२०७५ |
| ३० | बागमती | ललितपुर | ९८५१२२७७७७ | ०६६-५५२१२०७ | ९८५१२७२०६६ |
| ३१ | बागमती | नुवाकोट | ९८५११४७७७७ | ०१०-५६०३९९ | ९८५१२७२५३५ |
| ३२ | बागमती | रसुवा | ९८५१२७७७७७ | ०१०-५४०२०० | ९८५१२७२२७५ |
| ३३ | बागमती | सिन्धुपाल्चोक | ९८५१२५७७७७ | ०११-६२००८८ | ९८५१२७२६०२ |
| ३४ | बागमती | चितवन | ९८५५०१७७७७ | ०५६-५२०९९९ | ९८५१२७२१३४ |
| ३५ | बागमती | मकवानपुर | ९८५५०२७७७७ | ०५७-५२३८११ | ९८५१२७२५३२ |
| ३६ | गण्डकी | बागलुङ | ९८५७६०७७७७ | ०६८-५२०२१९ | ९८५७६६८७०० |
| ३७ | गण्डकी | गोरखा | ९८५६०५७७७७ | ०६४-४२०२३७ | ९८५१२७२२७१ |
| ३८ | गण्डकी | कास्की | ९८५६००७७७७ | ०६१-५२००३३S | ९८५१२७२०८० |
| ३९ | गण्डकी | लमजुङ | ९८५६०१७७७७ | ०६६-५२०१९८ | ९८५१२७२६१५ |
| ४० | गण्डकी | मनाङ | ९८५६०३७७७७ | ०६६-४४०१९९ | ९८५१२७२५२१ |
| ४१ | गण्डकी | मुस्ताङ | ९८५७६३७७७७ | ०६९-४४००९९ | ९८५१२७२४७४ |
| ४२ | गण्डकी | म्याग्दी | ९८५७६२७७७७ | ०६९-५२०२७५ | ९८५१२७२५९० |
| ४३ | गण्डकी | नवलपुर | ९८५७०८७७७७ | ०७८-५४०१०० | ९८५१२७२५१६ |
| ४४ | गण्डकी | पर्वत | ९८५७६१७७७७ | ०६७-४२०२६२ | ९८५१२७२०७९ |
| ४५ | गण्डकी | स्याङजा | ९८५६०४७७७७ | ०६३-४२०२८४ | ९८५१२७२५१८ |
| ४६ | गण्डकी | तनहुँ | ९८५६०६७७७७ | ०६५–५६०१९९ | ९८५१२७२०९९ |
| ४७ | लुम्बिनी | कपिलवस्तु | ९८५७०३७७७७ | ०७६-५६०४६५ | ९८५१२७२१३७ |
| ४८ | लुम्बिनी | परासी | ९८५७०४७७७७ | ९८५७०६५५६० | ९८५१२७२१३५ |
| ४९ | लुम्बिनी | रुपन्देही | ९८५७०७७७७७ | ०७१-५२०२०० | ९८५१२७२१४४ |
| ५० | लुम्बिनी | अर्घाखाँची | ९८५७००७७७७ | ०७७-४२०२९९ | ९८५१२७२०५७ |
| ५१ | लुम्बिनी | गुल्मी | ९८५७०१७७७७ | ०७९-५२०२३० | ९८५१२७२२८१ |
| ५२ | लुम्बिनी | पाल्पा | ९८५७०५७७७७ | ०७५-५२०५३६ | ९८५१२७२५८० |
| ५३ | लुम्बिनी | दाङ | ९८५७८०७७७७ | ०८२-५२०९५९ | ९८५१२७२०८४ |
| ५४ | लुम्बिनी | प्युठान | ९८५७८१७७७७ | ०८६-४२००३६ | ०८६-४६०४८८ |
| ५५ | लुम्बिनी | रोल्पा | ९८५७८२७७७७ | ०८६-६८००९९ | ०४९-७५७८७३ |
| ५६ | लुम्बिनी | रूकुम-पूर्व | ९८५७८६७७७७ | ९८७८९०४८१ | ०८८-४१३०९७ |
| ५७ | लुम्बिनी | बाँके | ९८५८०२७७७७ | ०८१-५२६१९१ | ९८५१२७२१३८ |
| ५८ | लुम्बिनी | बर्दिया | ९८५८०३७७७७ | ०८४-४२०१९९ | ९८५१२७२१३९ |
| ५९ | कर्णाली | रूकुम-पश्चिम | ९८५७८३७७७७ | ०८८-५३०१८७ | ९८५१२७२६४६ |
| ६० | कर्णाली | सल्यान | ९८५७८४७७७७ | ०८८-५००७० | ०८८-५२०४१५ |
| ६१ | कर्णाली | डोल्पा | ९८५८३०७७७७ | ०८७-५५००५७ | ९८५१२७२१८५ |
| ६२ | कर्णाली | हुम्ला | ९८५८३१७७७७ | ०८७-६८०१३३ | ९८५१२७२७५७ |
| ६३ | कर्णाली | जुम्ला | ९८५८३२७७७७ | ०८७-५२००१३ | ०८७-५२०५०३ |
| ६४ | कर्णाली | कालिकोट | ९८५८३३७७७७ | ०८७-४४००१३ | ०८७-४४०३१३ |
| ६५ | कर्णाली | मुगु | ९८५८३४७७७७ | ०८७-४६००९९ | ९८५१२७२७६१ |
| ६६ | कर्णाली | सुर्खेत | ९८५८००७७७७ | ०८३-५२००२२ | ९८५१२७२०८३ |
| ६७ | कर्णाली | दैलेख | ९८५८०१७७७७ | ०८९-४२०११३ | ०८९-४१०२५५ |
| ६८ | कर्णाली | जाजरकोट | ९८५८०४७७७७ | ०८९-६८०२५५ | ०८९-४३०३५१ |
| ६९ | सुदुर पश्चिम | कैलाली | ९८५८४२७७७७ | ०९१-५२११५० | ९८५१२७२१४२ |
| ७० | सुदुर पश्चिम | अछाम | ९८५८४०७७७७ | ०९८-६२०२२० | ९८५१२७२३४९ |
| ७१ | सुदुर पश्चिम | डोटी | ९८५८४३७७७७ | ०९४-४२००९९ | ९८५१२७२०८७ |
| ७२ | सुदुर पश्चिम | बझाङ | ९८५८४१७७७७ | ०९२-४२१००६ | ९८६४३२६५८२ |
| ७३ | सुदुर पश्चिम | बाजुरा | ९८५८४४७७७७ | ०९७-५५४०३१२ | ९८५१२७२७५२ |
| ७४ | सुदुर पश्चिम | कंचनपुर | ९८५८७३७७७७ | ०९९-५२११३६ | ९८५१२७२१४१ |
| ७५ | सुदुर पश्चिम | डडेलधुरा | ९८५८७१७७७७ | ०९६-४२०१७६ | ९८५१२७२५१३ |
| ७६ | सुदुर पश्चिम | बैतडी | ९८५८७०७७७७ | ०९३-४२०२५० | ९८५१२७२०८५ |
| ७७ | सुदुर पश्चिम | दार्चुला | ९८५८७२७७७७ | ९८५८७५४४५५ | ९७४१४६९००७ |

प्राविधिक सहायताः राष्ट्रिय आवास तथा बस्ती उत्थानशील समन्वय मञ्च